सही नीति एमालेको,
सबल र समृद्ध नेपाल निर्माणका लागि एमालेकै नेतृत्व

संविधानसभा
निर्वाचन
२०७०

नेकपा (एमाले)को

# घोषणापत्र

संक्षेपिकरण

*आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु !*

हामीहरू फेरि संविधानसभाको निर्वाचनको सँघारमा उभिएका छौं । निर्वाचन कार्यक्रमकै सिलसिलामा यही असोज १८ गते आपराधिक समूहको साङ्घातिक गोली प्रहारबाट गम्भीर घाइते हुनुभएका हाम्रो पार्टीका केन्द्रीय सदस्य, बारा क्षेत्र नं. ४ का उम्मेदवार कमरेड महमुद आलमको दुःखद निधन भएको छ । निर्वाचनको पूर्वसन्ध्यामा नेकपा (एमाले) कमरेड महमुद आलम लगायत राष्ट्रिय स्वतन्त्रता, सामाजिक मुक्ति र सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र आन्दोलनमा अमूल्य योगदान गर्नुहुने न्यायप्रेमी जनसमुदायप्रति उच्च सम्मानकासाथ अभिनन्दन प्रकट गर्दछ । नेकपा (एमाले) राष्ट्र तथा जनताले हाम्रो पार्टीसँग राखेका अपेक्षा पूरा गर्न पूर्ण निष्ठा, क्षमता र इमान्दारिताकासाथ समर्पित हुने प्रतिबद्धता व्यक्त गर्दछ ।

संविधानसभा जनताको सर्वोच्चता र सार्वभौमसत्ता प्रकट हुने समुन्नत लोकतान्त्रिक विधि हो ।

हामीले दोस्रो संविधानसभा निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण ढङ्गले सम्पन्न गर्नु र संविधानसभामार्फत् सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण गरेर मुलुकलाई राजनीतिक स्थायित्व दिनु अपरिहार्य भएको छ ।

विगत संविधानसभाको असफलताको मुख्य कारण त्यसको प्रतिकूल संरचना र शक्ति सन्तुलन पनि थियो । नेकपा (एमाले) जस्तो क्रान्तिकारी लोकतान्त्रिक शक्तिको नेतृत्व नहुँदा आन्दोलनबाट प्राप्त उपलब्धि संस्थागत गर्दै राष्ट्रलाई सही दिशानिर्दिष्ट गर्ने र नयाँ युगमा प्रवेश गर्ने ऐतिहासिक अवसर गुम्न पुग्यो ।

तसर्थ, संविधानसभाको सफलताकालागि नेकपा (एमाले) कै नेतृत्व स्थापित हुनु अनिवार्य भएकोले नेकपा (एमाले)लाई स्पष्ट बहुमतका साथ संविधानसभामा उपस्थित गराउन नेपाली जनतासमक्ष विनम्र अपिल गर्दछौं ।

# संविधानसभाको चार बर्ष : फर्केर हेर्दा

१) **गरिएका अपेक्षा : गुमेको अवसर** : संविधानसभाले श्रमजीवी जनताका आकाङ्क्षाहरूलाई संबोधन गर्ने ढाँचा निर्माण गर्छ भन्ने विश्वास लिइएको थियो । तर चार बर्षको अथक प्रयत्नका बाबजुद संविधान निर्माण हुन सकेन । महत्वपूर्ण उपलब्धि प्राप्त भए, तर संस्थागत हुन सकेनन् । दूरगामी महत्वका सहमतिहरू भए, तर कार्यान्वयन हुन सकेनन् । प्रारम्भिक मस्यौदा तयार भएर पनि संविधान जारी हुन सकेन । यसरी संविधानसभाबाट जनताले गरेका अपेक्षा पूरा हुन पाएनन् ।

२) **विवादित विषय : सहमतिका प्रयास** : २०६९ जेठ २ गते तीन दलका बीचमा संविधानका सबै मुख्य विवादित प्रश्नमा महत्वपूर्ण सहमति भयो । सबै प्रदेशहरू बहुजातीय हुने र प्रदेशमा सबै जाति, जनजाति, धर्म, भाषा र सँस्कृतिका नागरिकको अधिकार समान रहने गरी सङ्घीय ढाँचा निर्धारण गरियो र नामाङ्कनको निर्णय प्रदेशसभाले नै गर्ने निर्णय गरियो । तर एनेकपा (माओवादी)ले त्यो सहमतिलाई 'असान्दर्भिक' भन्दै भङ्ग गऱ्यो ।

त्यस्तो स्थितिमा संविधानसभालाई असफल हुन नदिन र मुलुकलाई राजनीतिक शून्यतामा धकेलिन नदिन नेकपा (एमाले) का तर्फबाट निम्न विकल्पसहित प्रयास गरियो -

- जेठ २ गतेको सहमतिका आधारमा सङ्घीयता सहितको पूर्ण संविधान जारी गर्ने ।
- त्यसो हुन नसके, सहमति भइसकेका विषयलाई समेटेर संविधान जारी गर्ने ।
- त्यसो पनि नभए, संविधानको प्रस्तावनामात्रै पारित गरेर भए पनि बाँकी विषय व्यवस्थापिका-संसदबाट टुङ्गो लगाउने गरी संविधानका उपलब्धिको रक्षा गर्ने ।
- संविधानसभा जारी गर्न नसकिए पनि संविधान संशोधन गरेर निर्वाचनको सुरक्षित र संवैधानिक बाटो खोल्ने र निर्वाचनसम्बन्धी कानुन बनाउन कम्तीमा तीन महिनासम्म व्यवस्थापिका-संसद कायम राख्ने ।

तर एनेकपा (माओवादी) र मधेसी मोर्चा कुनै पनि विकल्पमा सहमत भएनन् ।

३) **अथक प्रयास : मूल्यवान उपलब्धि :** चार बर्षको अवधिमा संविधानसभाबाट भएका ऐतिहासिक निर्णय र महत्वपूर्ण सहमतिलाई यसरी उल्लेख गर्न सकिन्छ :

- राजतन्त्रलाई अन्त्य गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना ।
- पूर्वमाओवादी लडाकुहरूको व्यवस्थापन गर्ने काम सम्पन्न ।
- संविधानसम्बन्धी सबै समुदायका चासो, सरोकार र अपेक्षाहरू प्रकट ।
- हिंसाको बाटो अस्वीकृत तथा शान्तिपूर्ण र लोकतान्त्रिक माध्यमबाट समाज परिवर्तन गर्ने मान्यताको पुष्टि ।
- संविधानको प्रस्तावित मस्यौदामा सहमति कायम भएका निम्न मुद्दाहरु हाम्रो पार्टीको संविधानसभा निर्वाचन घोषणापत्र-२०६४ सँग मिल्दाजुल्दा छन् :
    - मौलिक अधिकारको दायरालाई सामाजिक-साँस्कृतिक-आर्थिक अधिकार समेत प्रत्याभूत गर्ने गरी सामाजिक-साँस्कृतिक-आर्थिक अधिकार सहितको मौलिक हक

- महिलाका लागि बिना विभेद अंश र वंशमा समान हक, सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक
- छुवाछुत र भेदभाव सामाजिक अपराधको रूपमा दण्डनीय हुने व्यवस्था ।
- सामाजिक रूपले पछाडि परेका जनजाति, मधेसी, लैङ्गिक अल्पसङ्ख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति र किसान तथा मजदुर वर्गलाई सामाजिक न्यायको हकको प्रत्याभूति ।
- अल्पसङ्ख्यक र सीमान्तकृत समुदायलाई आफ्नो सरोकारका नीति निर्माणमा सहभागी हुने हक । साँस्कृतिक सम्पदा र परम्परागत सीप, भाषा, लिपि र धर्मसम्बन्धी, भूमि र प्राकृतिक स्रोतसम्बन्धी, राज्यका संरचनामा विशेष प्रतिनिधित्वसम्बन्धी अवसर ।
- समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्रको निर्माण ।
- नागरिकतामा रहेको लैङ्गिक विभेदको समाप्ति, राज्यका मुख्य अङ्गहरूमा निर्वाचित हुन वंशजको आधारमा नागरिकता प्राप्त हुनैपर्ने व्यवस्था सहितको समान नागरिक अवधारणा ।

- गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन, मानवता विरुद्धको अपराध र युद्ध अपराधका सम्बन्धमा पश्चदर्शी कानुन बनाउन सकिने व्यवस्था गरी अपराध विरुद्ध शून्य सहनशीलता ।
- सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन तह र विशेष संरचना समेतको सङ्घीय ढाँचाको प्रत्याभूति हुनेगरी सङ्घीयता र अधिकारको बाँडफाँड ।
- मिश्रित निर्वाचन प्रणाली र दलहरूमाथि प्रतिबन्ध लगाउन बन्देज सहित दलसम्बन्धी व्यवस्था ।
- स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति ।
- राष्ट्रिय वित्तीय आयोग, राष्ट्रिय प्राकृतिक स्रोत, महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक र सीमान्तकृत, पिछडिएको वर्ग, मधेसी, मुस्लिम र मजदुर किसानहरूका लागि अधिकारसम्पन्न संवैधानिक आयोग ।
- नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको समान सम्मान

- 'आधारभूत राष्ट्रिय हित' का रूपमा सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता, लोकतन्त्र, समानुपातिक र समावेशी सहभागिता, विकास र समानताको परिभाषा ।

## संविधानसभा : असफलताका मुख्य कारण

- **निर्वाचनको पूर्व सन्दर्भ, शक्ति सन्तुलन र प्रभाव** : प्रारम्भदेखि नै माओवादी र नेपाली काँग्रेस बीचको अघोषित समझदारीमा आत्मकेन्द्रित र दाउपेचका प्रवृत्ति देखापर्न थाले । सहमतिका साथ सुरु भएको र सहमतिका आधारमा मात्रै टुङ्ग्याउन सकिने संविधानसभाको यात्रा आरम्भदेखि नै अविश्वास, आशङ्का र निषेधको नीतिद्वारा प्रभावित भयो ।
- **शान्ति प्रक्रियामा विलम्ब र प्रतिकूल प्रभाव** : लडाकु र क्यान्टोनमेन्टलाई आर्थिक लाभ र समाजमा त्रास कायम राख्नका निम्ति दुरुपयोग गर्ने एमाओवादी दाउपेचका कारण शान्ति प्रक्रिया चार बर्षसम्म लम्बियो ।

- **उद्देश्यमा भिन्नता** : नेकपा (एमाले) लगायत दलहरूको उद्देश्य संविधानसभामार्फत् माओवादीको रूपान्तरण र लोकतान्त्रिक संविधानको निर्माण गर्नु थियो । तर माओवादीका निम्ति संविधानसभा रणनीति थियो ।
- **सत्ताकेन्द्रित गतिविधि** : द्वन्द्वोत्तर सङ्क्रमणकाल व्यवस्थापनका लागि महत्वपूर्ण विषयको रूपमा रहेको सत्ता साझेदारी र सहमतिको सरकार कायम हुन सकेन ।
- **सङ्घीयता र पहिचानको विवाद** : नेकपा (एमाले) सङ्घीयतालाई पहिचानको सम्मान, अधिकारको हस्तान्तरण र स्थानीय तहसम्म लोकतन्त्रको बिस्तारका रूपमा अगाडि बढाउनुपर्छ भन्ने मान्यता राख्दथ्यो । एमाओवादी एकल जातीय पहिचानमा आधारित बहुराष्ट्र–राज्यको वकालत गर्दैथियो । काङ्ग्रेस सङ्घीयतालाई भौगोलिक विभाजन गर्ने पक्षमा थियो । मधेसी दलहरू दुई राष्ट्रियताको पक्षमा थिए ।
- **संविधानसभाको उपेक्षा** : संविधानसभाबाट संवैधानिक समितिमा, त्यहाँबाट विवाद समाधान उपसमिति र कार्यदलमा, त्यहाँबाट पनि शीर्ष नेताहरूका टेबुलमा एजेण्डा स्थानान्तरित हुँदै जाँदा संविधानसभा निस्प्रभावी देखियो ।

- **बाह्यशक्ति संरचनाको प्रभाव** : नेपालको शान्ति प्रक्रिया, संविधान निर्माण र राज्यपुनर्संरचनाका विषयमा बाह्यपक्षको भूमिका विवादास्पद हुन जाँदा संविधानसभाको भविष्यलाई नै प्रभावित पाऱ्यो ।

## नेकपा (एमाले) को संविधान निर्माणको प्रतिबद्धता र मार्गचित्र

१. संविधानसभाको पहिलो बैठकमा विगत संविधानसभाले गरेका काम र सहमतिहरूको स्वामित्व ग्रहण गर्ने प्रस्ताव प्रस्तुत गरिनेछ ।

२. विगत संविधानसभाबाट गरिएका सहमतिहरूलाई नयाँ संविधानमा निरन्तरता दिन दलहरूबीच नयाँ सहमतिका लागि विशेष पहल गरिनेछ ।

३. संविधानसभाको पहिलो बैठक बसेको एक बर्षभित्र संविधानको मस्यौदा तयार गरी जारी गर्ने कार्यतालिका निर्माण गरिनेछ । संविधानसभाको प्रक्रियाबाट समाधान हुन नसकेका विषयहरूलाई जनमत सङ्ग्रहका माध्यमबाट टुङ्गो लगाई संविधान जारी गरिनेछ ।

४. सङ्क्रमणकालको व्यवस्थापनका लागि पार्टीले आगामी दिनमा पनि राजनीतिक सहमतिमा निरन्तर जोड दिनेछ ।

५. समाधान हुन नसकेका या विवादका रूपमा रहेका संवैधानिक प्रश्नहरूलाई देहायको दृष्टिकोणका आधारमा समाधान गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण गरिनेछ :

- नेपाल राज्यको चरित्र, सङ्घीय लोकतान्त्रिक गणतन्त्र
- सामाजिक न्यायसहितको अग्रगामी लोकतन्त्र- समाजवाद उन्मुख अर्थतन्त्र
- बहुलता, नेपाली सामाजको विशेषता - राज्य शक्तिको स्रोत नेपाली जनता
- हाम्रो प्रतिबद्धता- मानव अधिकार, मौलिक हक र राजनीतिक स्वतन्त्रता
- सामाजिक सुरक्षा- धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रता
- तराई–मधेस, पहाड, हिमाल- छुवाछुत मुक्त राष्ट्र नेपाल
- अधिकार सम्पन्न संवैधानिक अङ्ग र स्वतन्त्र न्यायपालिका

- समावेशी लोकतन्त्र- बहुपहिचान सहितको संघीयता र सुदृढ गणतन्त्र
- प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, संसदबाट निर्वाचित संवैधानिक राष्ट्रपति
- नेपालमा बोलिने सबै मातृभाषा, नेपालको राष्ट्र भाषा
- अंश, वंश, प्रजनन र सम्बन्ध विच्छेदमा महिलाको विशेष अधिकार
- सबै नेपालीहरूले सहज र सरल ढङ्गले नागरिकता पाउने सुनिश्चितता

## नेकपा (एमाले)को परिकल्पना : सुखी नेपाली र समतामूलक समृद्ध नेपाल स्थापना

२०५१ सालको अल्पसमयको अल्पमतको सरकार गठनदेखि विभिन्न समयमा भिन्न धारका शक्तिसँगको संयुक्त सरकारमा रहेको बेलामा एमालेले बिर्सन नसकिने कार्यक्रमहरूमार्फत् आफ्नो सामाजिक-आर्थिक रूपान्तरणको परिकल्पना प्रस्तुत गरेको छ । तलका दृष्टान्तले नेकपा (एमाले)को परिकल्पना र कार्यान्वयन शैलीलाई स्पष्ट पार्छन् -

- विकासमा जनताको स्वामित्व र आधार निर्माण गर्न 'आफ्नो गाउँ – आफैं बनाऔं' अभियान ।
- जेष्ठ र असहाय नागरिकलाई भत्ता उपलब्ध गराई सामाजिक सुंरक्षाको थालनी ।
- विपन्न वर्गका बालबालिकाको मानसिक र शारीरिक विकास गर्न बालसंरक्षण अनुदानको कार्यान्वयन ।
- उच्चस्तरीय भूमिसुधार आयोगद्वारा भूमिसुधार र भूमि व्यवस्थापनको नीतिगत मार्गदर्शन । ९ महिने छोटो अवधिमै झण्डै ६० हजार परिवारलाई जमिनको हक प्रदान ।
- स्थानीय निकायमा २० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरी समावेशीकरणको थालनी । पुनर्स्थापित प्रतिनिधिसभामा राज्यका प्रत्येक अङ्गमा न्यूनतम एक तिहाइ महिला सहभागिता सुनिश्चित गर्ने सङ्कल्प प्रस्तुत ।

- महिलाको सम्पत्तिमा अधिकार बढाउन महिलाको नाममा पास हुने घरजग्गाको रजिस्ट्रेसन शुल्कमा छुटको सुरुवात । मातृत्वको संरक्षण र शिशुहरूको जीवनरक्षाका लागि सुत्केरी भत्ताको थालनी ।
- स्थानीय निकायदेखि नै दलित, जनजाति र मधेसी समुदायको प्रतिनिधित्वको प्रत्याभूति गर्ने कानुनी व्यवस्था ।
- तराईका आवासविहीन हजारौं परिवारलाई बासको व्यवस्था गर्न 'जनता आवास कार्यक्रम'।
- सडक सञ्जालबाट गाउँ, बस्तीलाई जोड्न, पहाडमा 'मध्य-पहाडी', तराई मधेसमा 'हुलाकी' सडक र काठमाडौं-मध्य तराई जोड्ने द्रुत मार्ग (फास्ट ट्र्याक) सुरुवात ।
- निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल, लुम्बिनी र पोखरामा क्षेत्रीय विमानस्थल निर्माण योजनाको पहल ।
- नौ 'स' को अभियान, 'गाउँगाउँमा सहकारी, घरघरमा रोजगारी' को कार्यक्रम ।

- जनता तटबन्धबाट तराईको भूसंरक्षण ।
- १ प्रतिशत करद्वारा श्रमिकहरूको लागि सामाजिक सुरक्षा प्रणालीको आधार स्थापना ।
- १० कक्षासम्म सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई छात्रवृत्तिको व्यवस्था ।
- राष्ट्रिय पहलमा माथिल्लो तामाकोशी सहित विभिन्न जलविद्युत परियोजना थालनी ।
- विभिन्न कृषि उत्पादनमा पेटेन्ट कायम गर्न सरकारी अनुदानको व्यवस्था ।
- वैदेशिक रोजगारीमा जानेको कमाइ उत्पादक बनाउन वैदेशिक रोजगार बचत–पत्र, सामूहिक लगानी तथा पूर्वाधार योजनाहरूको कार्यान्वयन सुरु ।
- राष्ट्रिय परिचय पत्रको अवधारणा, गरिबीको रेखामुनि रहेकाहरूलाई 'राज्य सुविधा परिचय पत्र'को व्यवस्था आदि ।

इतिहास प्रमाणित यी प्रयत्नका आधारमा हामी भन्छौं, अल्प समयमै नेपाली समाजको आर्थिक–सामाजिक रूपान्तरण संभव छ ।

## नेकपा (एमाले) : रूपान्तरणको मार्गचित्र

**आगामी ५ बर्ष भित्रै देहायका लक्ष्य प्राप्तिको लागि पार्टी प्रतिबद्ध रहनेछ –**

१ प्रतिव्यक्ति आय, सामाजिक तथा भौतिक विकास र मानव विकासका परिसूचकहरूमा उल्लेख्य उपलब्धि हासिल गरी नेपाललाई अति कम विकसित राष्ट्रको हैसियतबाट विकासशील राष्ट्रको श्रेणीमा स्तरोन्नत गरिनेछ ।

२ लोकप्रिय कार्यक्रम– 'आफ्नो गाउँ–आफैं बनाउँ'लाई निरन्तरता दिंदै प्रत्येक गाविसमा ५० लाख अनुदानको व्यवस्था गरिने छ । "नौ–स" अभियानलाई पुनः सञ्चालन गर्न प्रत्येक निर्वाचन क्षेत्रमा ५ करोड रुपियाँ विन्यास गरिनेछ ।

३ ५ लाख घरबारविहीन परिवारलाई आवासको ग्यारेन्टी गरिनेछ ।१० बर्षभित्र कोही पनि नागरिक आवासविहीन रहनेछैन ।

४ सम्पूर्ण नागरिकमा स्वच्छ पिउने पानीको पहुँच स्थापित गरिनेछ । सिङ्गो मुलुकलाई खुल्ला दिसामुक्त गरिनेछ ।

५ प्रतिबर्ष श्रम बजारमा आउने ४ लाख श्रमशक्तिको उचित व्यवस्थापन गर्न प्रतिबर्ष ३ लाख रोजगारी सिर्जना गरिनेछ ।

६ निरक्षरता पूर्णरूपमा अन्त्य गरिनेछ । अनुत्पादक शिक्षा प्रणालीलाई अन्त्य गरी शिक्षामा सबैको पहुँच स्थापित गरिनेछ ।

७ आधारभूत र प्राथमिक स्वास्थ्यमा सबैको पहुँच सुनिश्चित गरिनेछ । मातृ मृत्युदर शून्यप्रायःमा झारिनेछ र गरिबीको रेखामुनि रहेका सम्पूर्ण बालबालिकालाई कुपोषणबाट बचाइनेछ ।

८ खाद्यान्नमा पूर्ण आत्मनिर्भर हुँदै खाद्य अधिकारको ग्यारेन्टी गरिनेछ । खाद्यान्नको अभावमा कोही पनि व्यक्तिको जीवन जोखिममा पर्नेछैन ।

९ आधुनिक ऊर्जामा सबै जनताको पहुँच पुऱ्याइनेछ । लोडसेडिङ पूर्णरूपमा अन्त्य हुनेछ ।

१० सबै जिल्ला सदरमुकाम बाह्रै महिना चल्ने कालोपत्रे सडकबाट जोडिनेछन् । कम्तीमा ९५ प्रतिशत गाउँ, बस्ती सडक सञ्जालबाट जाडिनेछन् । मानवीय बस्तीबाट सडकसम्म पुग्न चार घण्टाभन्दा कम समय लाग्ने गरी सडक

सञ्जाल निर्माण हुनेछ । मध्यपहाडी लोकमार्ग र तराईको हुलाकी राजमार्ग निर्माण सम्पन्न हुनेछ ।

११ जनसङ्ख्याको झण्डै आधा सङ्ख्यामा रहेका युवाका लागि 'उपयोगी शिक्षा - फलदायी रोजगारी' को विशेष कार्यक्रम सञ्चालन गरिनेछ । रोजगारीको ग्यारेन्टी गरिनेछ र बेरोजगार युवालाई भत्ता दिइनेछ ।

१२ मर्यादित रोजगारी केन्द्रित विकास नीति तय गर्ने र योगदान आधारित एकीकृत सामाजिक सुरक्षा कोषबाट श्रमिकको सामाजिक सुरक्षा र लगानी मैत्री लचकताबाट श्रमिक र उद्यमी-व्यवसायी बीच सहअस्तित्व कायम गर्ने काम हुनेछ ।

१३ सबै व्यक्तिहरूमा सञ्चारको सुविधा पुऱ्याइनेछ । सबै गा.वि.स.हरूमा उच्चस्तरीय सूचना प्रविधिको सुविधा पुऱ्याइनेछ र सूचना प्रविधिमा रहेको विभेद (डिजिटल डिभाइड) अन्त्य गरिनेछ । मुलुकको सङ्घीय संरचनालाई ध्यानमा राखेर तदनुरूप पूर्वाधारको विकास गर्ने अभियान अगाडि बढाइनेछ ।

१४ विकासशील मुलुकको मापदण्ड अनुरूपको बस्ती विकास गर्न २४० निर्वाचन क्षेत्रमा एक एक वटा नमूना गाउँको विकास गरिनेछ ।

१५ निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अगाडि बढाउनुका साथै पोखरा र भैरहवामा क्षेत्रीय विमानस्थललाई सम्पन्न गरिनेछ ।

१६ नेपालको सामाजिक विविधता झल्किने जातीय सङ्ग्रहालय निर्माण गरिनेछ । नारायणहिटी सङ्ग्रहालयलाई नेपालको ऐतिहासिक विकासक्रम झल्किने गरी विकास गरिनेछ ।

## नेकपा (एमाले) :
## तत्कालीन र दीर्घकालीन विकास योजना

---

### (क) आर्थिक क्षेत्र

- **समृद्ध समाजको निर्माण : वैज्ञानिक भूमिसुधार तथा कृषिमा युगान्तकारी रूपान्तरण–** वैज्ञानिक भूमिसुधारको माध्यमबाट जमिनमाथि किसानहरूको

पहुँच सुनिश्चित गर्ने । कृषिको आधुनिकीकरण र व्यावसायीकरणका लागि राज्यले बजेट विनियोजन, अनुदान, पूर्वाधार निर्माण, बीमा, मूल्य व्यवस्थापन र बजार अनुगमन कार्य गर्ने । बिचौलिया व्यापारीबाट हुने एकाधिकार तथा मुनाफाखोरी नियन्त्रण गर्न सहकारीलाई सामाजिक उत्तरदायित्वसहितको वितरण प्रणालीको अभिन्न अङ्ग बनाउने । कम्तीमा तीन चौथाइ जमिनमा नियमित सिंचाइको व्यवस्था गर्ने ।

- **समृद्धिको आधार : जलस्रोत, ऊर्जा र सुदृढ भौतिक पूर्वाधार–** विपन्न वर्गका नागरिक र कृषि प्रयोजनका लागि निःशुल्क ऊर्जा उपलब्ध गराउने । प्राकृतिक स्रोतमाथि राष्ट्रिय स्वामित्व र स्थानीय समुदायको हितको सुनिश्चितता गर्ने । कम्तीमा ४ वटा नदी करिडोरमा उत्तर दक्षिण सीमा जोड्ने सडक निर्माण पूरा गर्ने । सङ्घीय प्रदेशका संभावित राजधानीका लागि अत्यावश्यक पूर्वाधारको निर्माण कार्य तत्काल सुरु गर्ने ।
- **साँस्कृतिक सहकार्यको संवर्धन : आन्तरिक र बाह्य पर्यटन प्रवर्धन–** नेपाललाई जैविक र साँस्कृतिक विविधता, प्राकृतिक सौन्दर्य, जलवायु परिवर्तन र वन सम्पदाको अध्ययनको खुल्ला पुस्तकालयका रूपमा परिचित गराउँदै पर्यटन

उद्योगको प्रवर्द्धन गर्ने । पर्यटक सुरक्षा, पर्यटन गन्तव्यको वातावरणीय संरक्षणमा विशेष ध्यान दिने । पर्यटन क्षेत्रको विकासबाट लाभान्वित हुन पाउने स्थानीय समुदायको अधिकारलाई सुनिश्चित गर्ने ।

- **आर्थिक विकासका लागि मानवीय संसाधन–** औद्योगिक प्रतिष्ठानलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न श्रम बजार मिल्दो एकीकृत तालिम नीति अवलम्बन गर्ने ।
- **औद्योगिक नीति, व्यापार र वैदेशिक लगानी–** तुलनात्मक लाभका उद्योगहरूमा जोड दिई स्वदेशी लगानीलाई प्रोत्साहन र निश्चित क्षेत्रमा वैदेशिक लगानीलाई आकर्षण गर्ने । स्वदेशी कच्चा पदार्थमा आधारित श्रममूलक उद्योगहरूलाई विशेष सुविधा प्रदान गर्ने । ज्ञानमा आधारित उद्योगसहित बढी रोजगारी सिर्जना गर्ने उद्योग व्यवसायलाई राज्यले थप सुविधा, सहुलियत र टेवा प्रदान गर्ने ।
- **स्वाधीन अर्थतन्त्र, सुदृढ कर प्रणाली र वित्तीय पहुँच –** स्वाधीन अर्थतन्त्र निर्माण गर्न राज्यको आधारभूत दायित्व राज्यकै करप्रणालीबाट सुनिश्चित

गर्ने । जनताको निक्षेप सुरक्षाका लागि विशेष व्यवस्था गर्ने । न्यून आय भएका व्यक्तिका लागि बिना धितो ऋण उपलब्ध गराउने ।

## (ख) सामाजिक क्षेत्र

- **शिक्षा–** आधारभूत शिक्षालाई अनिवार्य र कक्षा १२ सम्मको शिक्षा निःशुल्क गर्ने । बालबालिकाको पहुँच सहज हुने गरी प्राथमिक विद्यालयको व्यवस्था गर्ने । हिमाली र मानव बस्ती पातलो रहेको उच्च पहाडी जिल्लामा आवासीय विद्यालयको अवधारणा लागू गर्ने । शिक्षामा ग्रेडिङ प्रणाली लागू गर्ने । कृषि, वन तथा प्राविधिक विश्वविद्यालयहरूलाई स्तरीय बनाउँदै लैजाने र सूचना प्रविधिमा आधारित खुल्ला तथा दूर शिक्षा (अनलाइन तथा डिस्ट्यान्स लर्निङ) लाई प्रवर्द्धन गर्ने ।

- **स्वास्थ्य–** स्वास्थ्य बीमाका माध्यमबाट आधारभूत तथा प्राथमिक स्वास्थ्य सेवा पूर्णरूपले निःशुल्क गर्दै आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने । मातृ मृत्युदर शून्यप्रायःमा झार्ने । मातृत्व संरक्षणको पूर्ण दायित्व राज्यले लिने र विकट क्षेत्रमा एयर एम्बुलेन्सको समेत

व्यवस्था गरी सुत्केरी आमाहरूको संरक्षण गर्ने । राज्य सुविधा परिचयपत्र प्राप्त परिवारका बालबालिकालाई बालसंरक्षण अनुदानको माध्यमबाट कुपोषणमुक्त गर्ने ।

- **सामाजिक सुरक्षा** – पिछडिएका क्षेत्र र सामाजिक संरक्षणको घेराबाट बाहिर परेका आम जनतालाई सामाजिक सहायताका कार्यक्रमबाट राहत दिने । तत्कालका लागि ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपाङ्ग भत्ता र अन्य सामाजिक सुरक्षा भत्तालाई जीवन निर्वाहको आवश्यकता सम्मत हुने गरी वृद्धि गर्ने । एकीकृत सामाजिक सुरक्षा प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक ऐन र संयन्त्र निर्माण गर्ने ।

- **सुकुम्बासी र आवासविहीनहरूका समस्या**– पाँच बर्षभित्रमा ५ लाख परिवारलाई आवास सुविधा उपलब्ध गराउने । दस बर्षभित्रमा कोही पनि नागरिक आवासविहीन हुनु नपर्ने कुराको सुनिश्चितता गर्ने । प्राकृतिक प्रकोपबाट घरबारविहीन हुन पुगेका परिवारका लागि बसोबासको व्यवस्था राज्यले गर्ने ।

- **खेलकुद–** राष्ट्रिय खेलकुद प्राधिकरण गठन गर्ने । खेलाडीहरूको व्यवस्थित अभिलेख, संभावनाको खोजी र क्षमतावान खेलाडीको विकासका लागि लगानी गर्ने । राष्ट्रिय/ अन्तर्राष्ट्रिय खेलाडीहरूका जीविकोपार्जनका लागि न्यूनतम भत्ताको व्यवस्था गर्ने ।
- **नयाँ संस्कृतिको निर्माण–** राष्ट्रियता, लोकतन्त्र, विविधता र बहुलता, मानवतावाद, श्रमप्रतिको सम्मान तथा मानवीय मूल्यमाथि आधारित नयाँ संस्कृतिको निर्माणका लागि राज्य र जनस्तरबाट विशेष अभियान सञ्चालन गर्ने ।

## (ग) लोकतन्त्र, सुशासन र न्याय

- **पारदर्शिता, सुशासन र सूचना संस्कृति : आमसञ्चार माध्यममा विविधताको प्रत्याभूति–** पूर्ण प्रेस स्वतन्त्रतासहितको लोकतन्त्रलाई सुदृढ गर्ने । काठमाडौंमा एउटा आमसञ्चार संग्रहालयको स्थापना गर्ने । नेपाली चलचित्र उद्योगलाई संवर्धन गर्न समयानुकूल राष्ट्रिय चलचित्र नीति निर्माण गर्ने ।

- **न्याय र सुशासन–** जनतालाई सुलभ ढङ्गले सेवा प्रदान गर्ने । प्रशासन सेवालाई जनमुखी र दक्ष बनाउनुका साथै सङ्घीय प्रणाली अनुरूप पुनर्गठन गर्ने । भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्दै भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने ।
- **मानव अधिकार–** मानव अधिकारका विश्वव्यापी मूल्य मान्यता र अन्तर्राष्ट्रिय मानवीय कानुन तथा नेपाल पक्ष रहेका संयुक्त राष्ट्र सङ्घका मानवअधिकारसम्बन्धी सम्झौता र अभिसन्धिहरूको प्रभावकारी रूपमा परिपालना गर्ने ।
- **जनप्रतिनिधिमूलक स्थानीय विकासका लागि स्थानीय निर्वाचन–** अबिलम्ब स्थानीय निकाय निर्वाचन सम्पन्न गरी स्थानीय जनताको स्वशासनको अधिकार प्रत्याभूत गर्ने । विकास निर्माणमा जनताको सहभागिता सुनिश्चित गर्न स्थानीय निकायहरूको क्षमता अभिवृद्धि र स्थानीय नेतृत्व विकास गर्ने ।
- **द्वन्द्वपीडितहरूलाई न्याय र राहत–** अन्तर्राष्ट्रिय मापदण्ड र पीडितहरूको भावना अनुकूल सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्तासम्बन्धी

आयोग गठन गरी सशस्त्र द्वन्द्वको क्रममा गम्भीर मानव अधिकार उल्लङ्घन र मानवताविरुद्धको अपराधमा संलग्न पीडकहरूलाई दण्ड र पीडितहरूलाई न्याय दिने ।

## (घ) प्राकृतिक सम्पदा, वातावरण र सहरी विकास

- नेपालका प्राकृतिक स्रोतमाथि नेपाली जनताको अक्षुण्ण अधिकारको पूर्ण रक्षा गर्ने । जैविक विविधता तथा पर्यावरण प्रणालीको दिगो संरक्षण गर्ने । नेपालको हरित पेटिकाको रूपमा रहेको चुरे क्षेत्रको संरक्षण गर्ने ।
- मध्यपहाडी लोकमार्ग, तराईको हुलाकी मार्ग, काठमाडौं-तराई द्रुत मार्ग तथा उत्तर दक्षिण मार्गको आसपास व्यवस्थित सहर विकास गर्ने विशेष कार्यक्रम लागू गर्ने ।
- अति कम विकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नत हुँदा नेपालको ग्रामीण क्षेत्रको विकासको स्तर झल्काउने गरी प्रत्येक निर्वाचन क्षेत्रमा न्यूनतम एकका दरले २४० वटा नमूना बस्ती विकास गर्ने ।

## (ङ) श्रम–सम्बन्ध र रोजगारी

- श्रमका सबै क्षेत्रलाई नियमन गर्ने विस्तृत श्रम कानुनको व्यवस्था गर्ने । श्रमिकका हकको संवैधानिक ग्यारेन्टी, नीति निर्माणको तहमा उनीहरूको प्रतिनिधित्व र विगतमा गरिएका सहमतिको परिपालनाको आधारमा श्रम–सम्बन्धको व्याख्या गर्ने । राज्यका प्रतिनिधिमूलक र नीति निर्णायक अङ्गमा श्रमिक वर्गको कम्तीमा १० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- हरेक श्रमिकलाई न्यूनतम पारिश्रमिकको ग्यारेन्टी र राज्यद्वारा कम्तीमा १०० दिनको रोजगारीको सुनिश्चित गर्ने । श्रम निरीक्षण प्रणाली लागू गरी सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र सीपयुक्त बनाउने ।
- श्रमिकलाई उत्पादनका साधनको मालिक बनाउन तालिम र आर्थिक सहयोगको व्यवस्था गर्ने ।
- प्रति बर्ष ३ लाख रोजगारी सिर्जना गर्ने । 'एक घर : एक रोजगार'को कार्यक्रम लागू गर्ने ।

## (च) विशेष क्षेत्र : विशेष नीति

- **महिलाको सम्मान, सिङ्गो समाजको समुत्थान–** वंश र अंशमा सबै सन्तानको समान हक स्थापना गर्ने । राष्ट्रिय जीवनका सबै क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिताको हकलाई सुनिश्चित गर्दै स्थानीय निकायमा पदाधिकारीसहित ५० प्रतिशत महिला सहभागिताको लागि पहल गर्ने । नयाँ बन्ने संविधानमा राष्ट्राध्यक्ष, उपराष्ट्राध्यक्ष, प्रधानमन्त्री र सभामुखमध्ये कुनै एक पदमा महिला निर्वाचित हुने संवैधानिक व्यवस्था गर्ने ।
- **दलितको मान : मानवताको सम्मान–** छुवाछुत मुक्त राष्ट्रको घोषणालाई सार्थक बनाउने । दलितहरूमाथि हुँदै आएको ऐतिहासिक विभेद अन्त्य र उत्पीडनको क्षतिपूर्तिस्वरूप प्रगतिशील आरक्षण सहित शिक्षा, स्वास्थ्य र रोजगारी लगायत राज्यका निकायमा समानुपातिक प्रतिनिधित्वका लागि विशेष व्यवस्था गर्ने ।
- **आदिवासी/जनजातिहरूको अधिकार : बहुलवादी समाज निर्माणको पूर्वाधार–** आदिवासी-जनजातिहरूको पहिचान, प्रतिनिधित्व र पहुँचको अधिकारलाई

सुनिश्चित गर्दै आर्थिक, सामाजिक एवं साँस्कृतिक विकास गर्ने उपयुक्त कानुनी व्यवस्था र संरचनाको विकास गर्ने ।

- **तराईवासी/मधेसीको पहिचान : सिङ्गो राष्ट्रको उत्थान–** तराईबासी–मधेसी समुदायमाथिको सामाजिक–साँस्कृतिक विभेद, आन्तरिक उत्पीडन र शोषण अन्त्य गर्दै राष्ट्रिय मूलधारमा स्थापित गर्न ठोस कार्यक्रम अगाडि बढाउने ।
- **पिछडिएको क्षेत्र–** कर्णाली लगायत दुर्गम तथा पिछडिएको क्षेत्रका जनतालाई खाद्य र आधारभूत स्वास्थ्य सेवाको अधिकारको प्रत्याभूति गर्ने ।
- **युवा : रूपान्तरणका संवाहक र नेतृत्वका साझेदार**– उद्यमशीलता वृद्धि गरी युवाहरूलाई स्वरोजगारतर्फ आकर्षित गर्ने । युवाको सिर्जनशीलता, ऊर्जा र संभावनाको विकासका लागि वातावरण निर्माण गर्ने । हिंसा, दुर्व्यसन र अराजकतामा युवालाई दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रित गर्ने । इन्टर्नसिप प्रणालीद्वारा युवालाई श्रमसँग परिचित गराउने र स्वयंसेवा कार्यक्रममार्फत् युवालाई समाजसँग आबद्ध बनाउने ।

- **अपाङ्गता : चुनौती होइन संभावना–** अपाङ्गताप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन गर्ने । पूर्वाधार विकासलाई अपाङ्गता मैत्री बनाउने ।
- **बालबालिका : हाम्रो राष्ट्रका भविष्य–** बालबालिका शान्ति क्षेत्रको अवधारणालाई आत्मसात गर्दै उचित माया र वातावरणमा हुर्किन पाउने अधिकारको ग्यारेन्टी गर्ने । बालश्रमलाई उन्मूलन गर्ने ।
- **अल्पसङ्ख्यकहरूको अधिकार**– मुस्लिम लगायत धार्मिक अल्पसङ्ख्यक समुदायका धार्मिक तथा साँस्कृतिक अधिकारहरूको जगेर्ना र उनीहरूका साँस्कृतिक सम्पदाहरूको सुरक्षा गर्ने । लैङ्गिक र यौनिक अल्पसङ्ख्यकहरूको सम्मान र अधिकार सुनिश्चित हुने व्यवस्था गर्ने ।

## (छ) राष्ट्रिय सरोकारका विषय

- **राष्ट्रिय सुरक्षा–** राष्ट्रिय स्वाधीनता, सम्प्रभुता र भौगोलिक अखण्डताको रक्षा, प्राकृतिक संपदाको जगेर्ना, सामाजिक सद्भाव र मानवीय सुरक्षा सुनिश्चित हुने गरी तथा समग्र जनता नै राष्ट्रिय सुरक्षाको आधारस्तम्भ

हुन् भन्ने मान्यतासहित राष्ट्रिय सुरक्षा नीति तयार गर्ने । सबै नागरिकमा राष्ट्रियताप्रतिको गौरवबोध र राष्ट्रिय एकताको भाव संवर्धन गर्ने ।

- **गैर आवासीय नेपाली–** गैर आवासीय नेपालीलाई अरु नेपाली नागरिकसरह आर्थिक-सामाजिक अधिकार र सम्मानको व्यवस्था गर्ने । गैर आवासीय नेपाली नागरिकता पत्र प्रदान गर्ने ।

- **अन्तर्राष्ट्रिय सम्बन्ध**- विश्वशान्ति, मानवता, सद्भाव र मैत्रीपूर्ण सम्बन्धलाई बिस्तार गर्दै नेपालको विकास र नेपाली जनताको समृद्धिका लागि ठोस योगदान पुऱ्याउने अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिको मूल लक्ष हुने । संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशील, असंलग्नता, क्षेत्रीय सम्बन्ध र सहयोगको नीतिलाई मूल आधार बनाउने ।

- **विज्ञान र प्रविधि**- जनताको जीवनलाई सहज तुल्याउन विज्ञान र प्रविधिको व्यापक विकासलाई प्रोत्साहन गर्ने । प्रविधिलाई आर्थिक उत्पादनसँग आबद्ध तुल्याउने । सूचना प्रविधिमा आधारित जनशक्ति उत्पादन, सूचना प्रविधिमा आधारित युवा उद्यमशीलताको विकासमा जोड दिने ।

**र, नेकपा (एमाले) यो पनि घोषणा गर्दछ :**

१. जस्ता सुकै माग, गुनासो या विरोधलाई लिएर 'नेपाल बन्द' गर्ने प्रचलनले जनतालाई सास्ती, अर्थतन्त्रमा नोक्सानी, विद्यार्थीहरूको भविष्य बर्बाद र नेपालको छवि धमिलो बनाउँदै लगेको छ, समस्याको वार्ताद्वारा समाधान र विरोधमा उत्रिनै परे पनि अन्य विकल्प प्रस्तुत गर्ने सङ्कल्प गर्दै नेकपा (एमाले) घोषणा गर्दछ - हामी कहिल्यै नेपाल बन्द गर्ने छैनौं !

२. राजनीति पेसा होइन, सेवा हो । पार्टी आफ्ना सबै कार्यकर्ताहरूलाई राजनीतिलाई सेवाको रूपमा लिन, उत्पादन कार्यसँग जोडिएर आत्मनिर्भर बन्न र राजनीतिलाई सफा गर्न आह्वान गर्दछ । पार्टी सञ्चालनका लागि उनीहरूले प्राप्त गरेको मतको आधारमा राज्यबाट अनुदानको व्यवस्था गर्न र अपारदर्शी आर्थिक सम्बन्धका आधारमा राजनीति सञ्चालन गर्ने स्थिति अन्त्य गर्नका निम्ति सक्रिय पहलकदमीमा उत्रिनेछ !!

*आदरणीय न्यायप्रेमी जनसमुदाय,*

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माणको नेतृत्व गर्न र समृद्ध, सबल र समुन्नत राष्ट्र निर्माणको अगुवाइ गर्न नेकपा (एमाले) का पक्षमा अमूल्य समर्थन र मतका लागि अनुरोध गर्दै यहाँहरूको घर आँगनमा आइपुगेका छौं । गएको साढे ६ दशकदेखि सामाजिक मुक्ति र राष्ट्रिय स्वाधीनताका निम्ति निरन्तर सङ्घर्ष गर्दै आएको हाम्रो पार्टीका बारेमा हामीले धेरै व्याख्या गर्न आवश्यक ठान्दैनौं । सङ्घर्ष र बलिदानका प्रत्येक मोडमा यहाँहरूबाट प्राप्त विश्वास सधैभरि हाम्रा लागि ऊर्जाको स्रोत रहँदै आएको छ, यहाँहरूको अपार समर्थन हाम्रो शक्तिको आधार रहँदै आएको छ । इतिहासको यो कठिन मोडमा, जतिबेला राष्ट्र संभावना र चुनौतीको दोबाटोमा उभिएको छ, फेरि पनि हामी तपाईंहरूको विश्वासको खोजीमा छौं ।

हामी आग्रह गर्दछौँ, सबल र समृद्ध नेपाल निर्माणका लागि नेकपा (एमाले) को नीति र एमाले कै नेतृत्व जरुरी छ ।

**किनभने**.......

**नेकपा** (**एमाले**)**सँग सही विचार छ** –सामन्तवाद, दलाल नोकरशाही पुँजिवाद र सामाज्यवादको विरोध र सामाजिक मुक्ति, राष्ट्रिय स्वाधीनता र समाजको क्रान्तिकारी रूपान्तरण हाम्रा अविचलित आदर्श हुन् । जनताको बहुदलीय जनवादी प्रणालीमार्फत् समाजवादमा सङ्क्रमण हाम्रो लक्ष्य हो । आजको युगमा चाहे जनवादी सत्ता होस् चाहे समाजवादी, त्यसले बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, विधिको शासन र बहुलवादका मूल्यहरूलाई आत्मसात गर्नुपर्दछ भन्ने मान्यता अवलम्बन गर्दै आयौं । हामीलाई गर्व छ, हाम्रो प्रयत्नको बलमा आज मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ ।

**नेकपा** (**एमाले**)**ले जनमुखी सरकारको दृष्टान्त प्रस्तुत गरेको छ** –विचारधारात्मक हिसाबले मात्रै होइन, आन्दोलन र राज्यनिर्माणका प्रत्येक मोर्चामा हाम्रो पार्टीले उत्कृष्ट भूमिका खेल्दै आएको छ । पार्टीका तत्कालीन अध्यक्ष मनमोहन अधिकारीले नेतृत्व गर्नुभएको नेकपा (एमाले)को सरकारले

जनमुखी सरकारका केही मानकहरू स्थापित गरेको थियो, जसलाई पछ्याउन आज सबैखाले शक्तिहरू बाध्य छन् । माथि उल्लिखित स्वच्छ सरकारको अवधारणाहरू सामान्य नीति वा पार्टीका राजनीतिक अभियान मात्रै थिएनन्, यिनीहरू नेपालमा सरकारको भूमिकालाई ट्र्याक चेञ्ज गर्ने अवधारणाका रूपमा रहेका थिए ।

**नेकपा (एमाले) हरेक आन्दोलनको अग्रिम मोर्चामा छ –** लोकतान्त्रिक आन्दोलनको प्रत्येक मोर्चामा हाम्रो पार्टीले वैचारिक अगुवाइ र भौतिक रूपमा अग्रिम कमाण्ड सम्हालेको छ। २००७ मा सहयोगीको रूपमा, २०४६ मा सह–नेतृत्वको रूपमा र २०६२/६३ को आन्दोलनको मूल योजनाकार र वास्तविक नेताको रूपमा रह्यो । पार्टीको सक्रिय र नेतृत्वदायी भूमिकाकै कारण पुनर्स्थापित संसदबाट ०४७ सालको संविधानमा पार्टीले राखेका २७ बुँदे असहमतिलाई सम्बोधन गर्ने गरी प्रतिनिधिसभाको ऐतिहासिक घोषणा भयो ।

**नेकपा (एमाले) शान्ति प्रक्रियाको पहलकर्ता हो –** शान्ति प्रक्रियामा पार्टीले खेलेको नेतृत्वदायी भूमिका र पहलकदमी कसैबाट छिपेको छैन । तत्कालीन राज्य

र विद्रोही दुबै पक्षले बन्दुकबाटै सबै समस्याको समाधान खोज्ने धृष्टता गरिरहेको बेला हाम्रो पार्टीले सिलिगुढीदेखि दिल्लीसम्म र रोल्पादेखि लखनउसम्मको जोखिमपूर्ण यात्रा तय गरेर युद्ध उन्मादमा रहेका दुबै पक्षलाई शान्ति प्रक्रियामा आउन गरेको प्रयास सर्वविदितै छ ।

**नेकपा (एमाले)ले संविधानसभामा जिम्मेवार भूमिका खेलेको छ –** संविधानसभाका चार बर्षे अवधिमा हामीले सक्रिय भूमिका खेल्यौं र मुलुकको भावी संरचनाबारे एउटा सन्तुलित दृष्टिकोण निर्माण गर्न अन्य दलसँग सहमति कायम गर्न सक्यौं ।

**राज्य निर्माण र समृद्ध नेपालको सपना नेकपा (एमाले)सँग छ –** नेपालको एकीकरण सामन्ती राज्य बिस्तारको परिघटना मात्रै होइन, त्यो तत्कालीन आन्तरिक र बाह्य सामाजिक–आर्थिक र राजनीतिक कारणहरूले जन्माएको ऐतिहासिक आवश्यकता हो । यसैमाथि उभिएर हामी नयाँ राज्यसंरचनाको प्रक्रिया अगाडि बढाउँदैछौं । नेपालको राज्य निर्माणको प्रक्रियाका आफ्नै विशिष्टता छन् । यो निश्चित जाति समूहहरू राष्ट्रमा विकसित हुने र त्यसका आधारमा राज्य बन्ने प्रक्रियाबाट बनेको राष्ट्र–राज्य होइन, पहिले

राज्य निर्माण भएर त्यसभित्र बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक पक्षहरू समाहित भई बनेको राज्य–राष्ट्र हो । बहुराष्ट्रियता या दुई राष्ट्रियताका नाममा चलेका बहस गलत मात्रै होइन, हानीकारक समेत छन् ।

**नेकपा (एमाले)ले प्रगतिशील राष्ट्रवादको अगुवाइ गरिरहेको छ** – हामी नेपालको राष्ट्रियता इतिहासमै सर्वाधिक कमजोर भएको चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेका छौं । राष्ट्रियता मूलतः राष्ट्रिय हितहरूको पहिचान, रक्षा र संवर्धनको समष्टि हो । राष्ट्रिय एकतामा आघात पुर्‍याएर, राष्ट्रिय अर्थतन्त्र र विकासका ढाँचालाई ध्वंस गरेर तथा मुलुकलाई थप पराश्रित बनाएर राष्ट्रियताको वकालत गर्नु भनेको पाखण्ड मात्रै हो । मुलुकको सम्प्रभुता, प्रादेशिक अखण्डता र राष्ट्रिय स्वाभिमानको रक्षा, पारस्परिक हित र अहस्तक्षेपमाथि आधारित विदेश नीति, छिमेकी मित्र राष्ट्रहरूसँग सुमधुर सम्बन्ध, एक अर्काका संवेदनशीलता र सरोकारको सम्मान तथा सम्बोधन तथा पारस्परिक लाभमाथि आधारित आर्थिक सम्बन्धले हाम्रो राष्ट्रियतालाई संवर्धन गर्छ । नेकपा (एमाले) जननेता कमरेड मदन भण्डारीले धेरै अगाडि रेखाङ्कन गर्नुभएको प्रगतिशील राष्ट्रवादको अवधारणाबाट निर्देशित हुँदै

राष्ट्रियताको रक्षा र संवर्धन गर्न तथा सन्तुलित विदेश नीति अवलम्बन गर्न चाहन्छ । अर्थात् राष्ट्रियताको संवर्धनको सही नीति नेकपा (एमाले) सँग मात्रै छ ।

*संघिय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरौँ*
*स्वाधीन, समृद्ध र समतामुलक राष्ट्र निर्माण गरौँ।*

**हार्दिक अभिवादनसहित,**

**केन्द्रीय कमिटी**
**नेपाल कम्युनिस्ट पार्टी (एमाले)**

**२०७० असोज**

नेकपा (एमाले)को चुनाव चिह्न

# सूर्य


**नेकपा (एमाले)**

मदननगर, बल्खु, काठमाडौं ।

फोन : ४२७८०८१, फ्याक्स : ४२७८०८४